मल्लरानी गाउँपालिका

# स्थानीय राजपत्र

मल्लरानी गाउँपालिकाद्वारा प्रकाशित

वर्ष ४ मल्लरानी, असोज ६ गते, २०७७ साल (अतिरिक्तांक ३)

## भाग–२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ ले दिएको अधिकार प्रयोग गरी गाउँ कार्यपालिकाले जारी गरेको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# आपतकालीन बालउद्धार कोष स्थापना तथा खर्च सम्वन्धी मापदण्ड २०७७

कार्यपालिकाबाट पारित मिति : २०७७/०६/०६

**प्रस्तावना :**

मल्लरानी गाउँपालिकाभित्रका विभिन्न कारणले बिपद्मा परेका बालबालिकाहरुको तत्काल उद्धार, राहत, पुनःस्थापन, पारिवारिक पुर्नमिलन लगायतका अत्यावश्यक सेवा सुविधा उपलब्ध गराउन सहयोग गर्नका लागि एउटा निश्चित मापदण्ड बनाई सोको आधारमा आपतकालीन बालउद्धार कोष स्थापना तथा सञ्चालन गर्न वाञ्छनीय देखिएकाले, स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम मल्लरानी गाउँकार्यपालिकाले आपतकालीन बालउद्धार कोष स्थापना तथा खर्च सम्बन्धी मापदण्ड २०७७ जारी गरेको छ ।



Scanned with CamScanner

## परिच्छेद- १

**१) संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस मापदण्डको नाम "आपतकालीन बालउद्धार कोष स्थापना तथा खर्च सम्बन्धी मापदण्ड २०७७" रहेको छ ।

२) यो मापदण्ड तुरुन्त लागु हुनेछ ।

**२) परिभाषा :** विषय वा प्रसगले अर्को अर्थ नलागेमा यस मापदण्डमा :

क) "कोष" भन्नाले दफा ३ बमोजिमको आपतकालीन बालउद्धार कोष सम्झनुपर्छ ।

ख) "बालबालिका" भन्नाले अठार वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनुपर्छ ।

ग) "आपतकालिन अवस्थामा रहेका बालबालिका" भन्नाले देहायका अवस्थामा रहेका बालबालिका सम्झनुपर्छ :

१) जोखिमपुर्ण श्रममा संलग्न रहेको,
२) हराएको वा बेवारिसे अवस्थामा फेला परेको,
३) ऋणको कारणले बन्धकमा रहेको वा जवरजस्ती श्रम बाट पिडित भएको,
४) शारीरिक वा मानसिक यातना वा भेदभाव जस्ता दुर्व्यवहारबाट पीडित भएको,
५) दुर्घटना परेको, प्राकृतिक वा दैवी प्रकोपमा परेको ।
६) बाबु वा आमा कारागार वा हिरासतमा रहेको वा कुनै कसुरसंग सम्बन्धित रहेको कारणले बेवारिसे भएको,
७) यौन शोषण, यौन दुर्व्यवहार, बेचविखन वा ओसार पसार परेको,
८) हिंसाबाट प्रभावित भएको,
९) बाबुआमा वा संरक्षक बाट वन्चित भएको,
१०) अपांगता भएको,
११) सुस्तमनस्थिती भएको,
१२) अपहरण वा शरीर बन्धकमा परेको,
१३) सडक बालबालिका,
१४) एच.आइ.भी एड्स संक्रमित भएको,

(घ) "मापदण्ड" भन्नाले आपतकालीन बालउद्धार कोष स्थापना तथा खर्च सम्बन्धी मापदण्ड २०७७ सम्झनुपर्छ ।

ङ) "रकम" भन्नाले आपतकालीन बालउद्धार कोष स्थापना तथा विस्तारका लागि प्रदान गरिएको रकम सम्झनुपर्छ ।

च) "पीडित" भन्नाले आपतकालीन अवस्थाबाट पीडित वा प्रभावित बालबालिका सम्झनुपर्छ ।

छ) "मन्त्रालय" भन्नाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनुपर्छ ।

ज) "शाखा" भन्नाले महिला तथा बालबालिका शाखा सम्झनुपर्छ ।

झ) "समिति" भन्नाले यस मापदण्ड अनुसार गठन भएको समिति सम्झनुपर्छ ।

## परिच्छेद २

**३) कोषको स्थापना :**

१) आपतमा परेका बालबालिकाहरुलाई तत्काल उद्धार राहत, पुर्नस्थापना गर्ने काम समेतका लागि आपतकालीन बालउद्धार कोष नामको कोष स्थापना गरिएको छ ।





२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन-

क) संघीय सरकार बाट प्राप्त रकम,
ख) प्रदेश तथा स्थानीय तहबाट प्राप्त रकम,
ग) स्वदेशी संघ, संस्था वा व्यक्ति बाट प्राप्त रकम,
घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

**४) कोषको उपयोग :**

कोषको रकम देहायको कामको लागी उपयोग गरिनेछ ।

क) आपतकालीन अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार गर्न,

ख) आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत, आर्थिक सहयोग तथा पुनर्स्थापना गर्न,

ग) आपतकालीन अवस्थामा रहेका बालबालिकाहरुलाई पुनर्मिलन गर्न ।

घ) बालबालिकाको हक हित र संरक्षणका लागी समितिले तोके बमोजिमको अन्य काम गर्न ।

**५) कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने :**

१) कोषको रकम दफा ४ मा लेखिए बाहेकको अन्य काममा उपयोग गर्न सकिने छैन ।

२) उपदफा (१) मा जुनसुकै करा लेखिएको भए तापनि समितिको बैठक सचालन गर्न लाग्ने खर्चको लागि उपयोग गर्न पाइनेछ ।

## परिच्छेद- ३

**६) समिति गठन :**

आपतमा परेका बालबालिकाहरुको हक, हित र संरक्षणका लागी कोष सञ्चालन तथा व्यवस्थापन गर्ने काम समेतका लागि एक कोष सञ्चालक समिति रहनेछ । समितिको गठन देहाय बमोजिम हुनेछ ।

१) मल्लरानी गाउँपालिकाको उपाध्यक्ष - संयोजक
२) कार्यपालिकाले तोकेको महिला सदस्य १ जना - सदस्य
३) सामाजिक बिकास समितिको संयोजक - सदस्य
४) गा.पा. स्तरीय बालसंजालको अध्यक्ष - सदस्य
५) प्रमुख प्रशासकीय अधिकृत - सदस्य
६) बालबालिका को क्षेत्रमा कार्यरत संघ संस्था बाट संयोजक ले मनोनित गरेको १ जना - सदस्य
७) बाल मनोपरामर्शकर्ता - सदस्य
८) जिल्ला प्रहरी कार्यालय प्रतिनिधि - सदस्य
९) शिक्षा शाखा प्रमुख - सदस्य
१०) आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
११) महिला शाखा प्रमुख - सदस्य सचिव

**७) समितिको काम, कर्तव्य र अधिकार :** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम



Scanned with CamScanner

हुनेछ ।

क) आपतकालिन अवस्थामा रहेका बालबालिकाको उद्धार तथा पुनर्स्थापना गराउने,

ख) कुनै बालबालिका आपतकालिन अवस्थामा रहेको बालबालिका भए वा नभएको निर्धारण गर्ने,

ग) स्वीकृत कार्यक्रमको लागी कोष परिचालन गर्ने वा गराउने,

घ) आपतकालिन अवस्थामा रहेका बालबालिका सम्बन्धी अध्ययन अनुसन्धान गर्ने वा गराउने

ङ) आपतकालिन अवस्थामा रहेका बालबालिकालाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने

च) बालबालिकाको क्षेत्रमा काम गर्ने निकाय तथा संस्था संग समन्वय गर्ने,

छ) आपतकालीन अवस्थामा रहेका बालबालिका सम्बन्धी अन्य काम गर्ने ।

**८) समितिको बैठक सम्बन्धी व्यवस्था :**

(क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(ग) समितिका ५० प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(घ) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(ङ) समितिको बैठकसम्बन्धी अन्य मापदण्ड समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**९) राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :**

यस मापदण्ड बमोजिम आपतकालीन अवस्थामा रहेका बालबालिकालाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउदा देहायको शीर्षकमा आबश्यकता अनुसार समितिले निर्णय गरी रकम उपलब्ध गराइनेछ ।

क) तत्काल उद्धार तथा पुनर्स्थापना गर्न रकम रु. ५०००।

ख) औषधी उपचार गर्न रकम रु. ५०००।

ग) कानुनी सहायता उपलब्ध गर्न रकम रु. ३०००।

घ) राहत तथा आर्थिक सहयोग गर्न रकम रु. ५०००।

ङ) पारिवारिक पुर्नमिलन तथा अन्य कामका लागी रकम रु. ३०००।

**१०) राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनुपर्ने :**

१) यस मापदण्ड बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनुपर्ने मनासिव कारण खुलाई मल्लरानी गा.पा. को महिला तथा बालबालिका शाखा/वडा कार्यालय तथा सञ्चालक समितिमा निवेदन दिनुपर्नेछ ।

२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नुपर्ने देखिएमा दफा ९ को अधिनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्नेछ ।





**११) तत्काल रकम उपलब्ध गराउन सक्ने :**

१) यस मापदण्डमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि पीडितलाई तत्काल उद्धार, औषधी उपचार, पुनर्स्थापना वा राहत तथा आर्थिक प्रदान नगरेमा गम्भीर तथा मानवीय क्षति हुने देखिएमा सञ्चालक समितिको संयोजकले सो प्रयोजनको लागि कोषबाट मनासिव रकम सम्बन्धित पीडितलाई उपलब्ध गराउन सक्नेछ ।

२) उपदफा (१) बमोजिम अवस्था परी सञ्चालक समितिका संयोजकबाट पीडितलाई रकम उपलब्ध गराइएको त्यसरी रकम उपलब्ध गराइएपछि बस्ने सञ्चालक समितिको बैठकबाट सो विषयको अनुमोदन गराउनुपर्नेछ ।

**१२) खाता सञ्चालन :**

१) आपतकालिन बालउद्धार कोषको लागी प्राप्त रकम नेपाल बैंक लि. वा अन्य बैंकमा समितिको निर्णय बमोजिम खाता खोली जम्मा गर्नुपर्नेछ ।

२) उपदफा (१) बमोजिमको खाताको संचालन प्रमुख प्रशासकीय अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**१३) रकम फ्रिज नहुने :**

प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**१४) बैठक भत्ता :**

यस समितिका संयोजक र सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत गाउँपालिकाले तोके बमोजिमको रकम बैठक भत्ता पाउनेछन् ।

**१५) प्रतिवेदन पेश गर्ने :**

समितिले आफुले गरेको कार्यको बार्षिक प्रतिवेदन सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

**१६. कोषको लेखा र लेखा परीक्षण :**

कोषको लेखा र लेखा परीक्षण गाउँपालिकाले अपनाएको लेखा प्रणाली र लेखा परीक्षण प्रक्रिया बमोजिम हुनेछ ।

**१७. निर्देशन दिन सक्ने :**

(१) गाउँकार्यपालिकाले समितिको काम कारवाहीको सन्दर्भमा समितिलाई निर्देशन दिन सक्नेछ ।

(२) उपदफा १ बमोजिम कार्यपालिकाले दिएको निर्देशन पालना गर्न समितिको कर्तव्य हुनेछ ।

आज्ञाले,
बालकृष्ण थापा
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner